# यदि तपाईंलाई प्रहरिद्वारा प्रश्न गरियो, रोकियो वा पक्रउ गरियो भने तपाईंको अधिकारहरूको बारेमा...तपाईंले के जान्नु पर्छ

**१२/१५/२०१४ मा अन्तिम पटक संशोधन गरिएको।**

**मेरो अधिकार र जिम्मेवारीहरू के-के हुन् . . .**

- **यदि प्रहरी मकहाँ आएर मलाई प्रश्न सोध्यो भने?**

  मानौं तपाईं घर बाहिर हुनुहुन्छ वा सार्वजनिक स्थानमा हुनुहुन्छ र प्रहरी आएर तपाईंलाई प्रश्न गर्न थाल्छ। आफूले सेवा गर्ने समुदाय, यसको नागरिकहरू र तिनीहरूक सम्पत्तिको सुरक्षा गर्नु कानून लागू गर्ने अधिकारीहरू कर्तव्य हो। त्यो कर्तव्यलाई पूरा गर्नको निम्ति कानूनले प्रहरीलाई केही शक्ति प्रदान गरेको हुन्छ।

  व्यक्तिकहाँ गएर तिनलाई प्रश्न सोध्ने शक्ति प्रहरीको हुन्छ। प्रहरी तपाईंकहाँ आएर प्रश्न गरेकै भरमा तपाईंले अपराध गरेको शंका गरिएको भन्ने हुँदैन। प्रहरीसँग सबै नागरिकहरूले सहकार्य गर्न प्रोत्साहन दिइन्छ, ताकि कानून उल्लङ्घन गर्ने व्यक्तिहरूलाई न्यायमा ल्याउन सकियोस्, तर त्यसमा एउटा अपवाद छ, जुन तल उल्लेख गरिएको छ, तपाईंले जुनसुकै प्रश्नको उत्तर दिनुपर्छ भन्ने कानूनी कर्तव्य हुँदैन, र तपाईंले उत्तर दिन इन्कार गर्न सक्नुहुन्छ। यसलाई *मौनको अधिकार* भनिन्छ। तैपनि, तपाईंले कहिल्यै कानूनी अधिकारीसँग झूट बोल्नु हुँदैन। यदि तपाईंले त्यसो गर्नुभयो भने, "अधिकारीको काममा बाधा" दिएको कारण तपाईं समस्यामा पर्न सक्नुहुन्छ।

- **यदि प्रहरीले मलाई "रोकेर" प्रश्न गर्‍यो भने?**

  मानौ तपाईं सडकमा हिँडिरहनुभएको छ र प्रहरीले तपाईंलाई देखेर भन्छ: "रोक्नुहोस् मैले तपाईंलाई केही प्रश्न गर्नु आवश्यक छ।” जब अधिकारीले पर्याप्त शक्ति प्रयोग गर्छ, वा अधिकार देखाउँछ, वा न्यायसंगत व्यक्तिलाई आफू त्यतिकै जान नपाउने अनुभव गर्ने बनाउँछ, त्यस्तो अवस्थाको व्यक्तिलाई "रोकिएको" वा "हिरासतमा राखिएको" भनिन्छ। यसको साथै, तपाईंलाई रोकिन भन्दा र तपाईंलाई रोकिन लगाउँदा अधिकारीले आफ्नो अधिकार प्रयोग गर्दा, उसले/उनले आफ्नो हतियार निकल्छ वा चुनौती दिने आवाजमा तपाईंसँग बोल्छ भने तपाईंलाई "रोकिएको छ" भन्ने कुराको अझै स्पष्ट प्रमाण यो हुन्छ। यताउता गर्ने तपाईंको व्यक्तिगत अधिकारलाई अधिकारीले हस्तक्षेप गर्छ भने, तपाईं

अपराधिक कार्यमा संलग्न भएको उचित शंका उसँग हुनुपर्छ। अधिकारीले यो आशंकालाई पछि अदालतमा (यदि मुद्दा अदालतसम्म पुग्यो भने) शंका उत्पन्न हुनुको निश्चित तथ्य उल्लेख गरी प्रमाणित गर्नु पर्छ।

प्रहरीले तपाईंलाई तपाईं शंकास्पद व्यक्ति हुनुपर्छ वा तिनीहरूले तपाईंलाई पक्राउ गर्न चाहेका छन् भन्ने कुरा भनिरहनु पर्दैन, तर तपाईंलाई रोक्नको निम्ति तिनीहरूले बल प्रयोग गर्छ वा अधिकार देखाउँछ भने, प्रहरीलाई खबर गर्ने व्यक्ति तपाईं नै भए तपानि तपाईंलाई तिनीहरूले शंकास्पद ठान्छन्। यदि तिनीहरूले तपाईंको *मिरांडा* अधिकारहरू पढ्छ वा सुनाउंछ भने तपाईंले अपराध गर्नुभएको छ भनी तिनीहरूले शंका गरेको हुन्छ।

यदि तपाईंलाई रोकियो भने, कुनै पनि कारण बनाई वा विनाकारण कुनै पनि प्रश्नको उत्तर नदिने अधिकार तपाईंको हुन्छ। तपाईंले आफ्नो मौन अधिकारलाई यसो भनेर आह्वान गर्न सक्नुहुन्छ, “म कुनै पनि प्रश्नको उत्तर दिन इन्कार गर्छु” वा “म वकीलसँग कुरा गर्न चाहान्छु” वा “म मौन रहन चाहान्छु।” यदि तपाईंले यस्ता अभिव्यक्तिद्वारा तपाईंको मौन अधिकारलाई आह्वान गर्नुभएन भने, प्रहरीले तपाईंलाई प्रश्न सोधिरहन सक्छ।

यो मौन रहने अधिकारको एउटा अपवाद छ: अप्रिल २००६ बाट ओहिओ कानून अनुसार, यदि तपाईं सार्वजानिक स्थानमा हुनुहुन्छ र केही निश्चित अवस्थामा हुनुहुन्छ भने, तपाईंले तपाईंको नाम, ठेगाना र जन्म मिति प्रहरी अधिकारीलाई प्रदान गर्नै पर्छ। त्यस्ता अवस्थामा तपाईंले यो जानकारी प्रदान गर्न असफल रहनुभयो भने, तपाईंले फर्थ डिग्री अपराध गर्नुभएको ठहरिन्छ र तपाईंलाई पक्राउ गरिन सक्छ।

यसको साथै, यदि तपाईंलाई रोकिएको मात्र छ भने, तपाईंले अधिकारीलाई तपाईंलाई, तपाईंको सवारीसाधन वा घरमा खन्तलासी गर्ने अनुमति दिन इन्कार गर्न सक्नुहन्छ। तपाईंको इन्कारले तपाईंको अनुमतिविना गरिएको कुनै पनि खन्तलासीलाई कानूनी रूपमा प्रमाणित गर्न प्रहरी अधिकारीलाई बाध्य गर्नेछ। तैपनि, होशियार रहनुहोस्, ओहिओ कानूनले "रोकिएको" अवस्थामा हातहतियार खोज्नको निम्ति केही सीमित खन्तलासी लिन अनुमति *दिँदछ* (जस्तै "प्याटडाउन")।

यसको साथै, तपाईंले भन्ने जे सुकै कुरा तपाईं विरुद्दको सबूतको रूपमा प्रयोग गरिनेछ। कहिलेकहीं मानिसहरूले के सोच्छन् भने आफूले भनेको कुराले तिनीहरूलाई अपराधी ठहर गर्दैन, तर यसले सम्बन्धित जानकारी प्रदान गर्न सक्छ जसले तिनीहरूलाई दोषी ठहर्न *सक्छ।*

अधिकारीले तपाईंलाई रोक्न र प्रश्न गर्ने कुनै आधार छैन भन्ने तपाईंले विश्वास गरे तपानि, प्रहरीसँग विवाद गर्ने वा इन्कार गर्ने काम नगर्नुहोस्। विवाद गरेर वा इन्कार गरेर तपाईंलाई फाइदा नपुग्न सक्छ, र यसले गर्दा प्रहरीले तपाईंलाई पक्राउ गर्ने र तपाईं विरुद्द आपराधिक आरोप लगाउने सम्भावना बढाउन सक्छ। यसले अधिकारीहरूलाई तपाईं विरुद्ध थप आपराधिक आरोप ल्याउने आधार प्रदान गर्न सक्छ, तपाईंलाई कारवाही गरिएको खण्डमा जमानत तिरेर जेलबाट निस्कन तपाईंको निम्ति यसले झन कठिन बनाउन सक्छ। जब अधिकारीसँग तपाईंलाई रोक्ने कारण हुँदैन, तपाईं र तपाईंको कारमा खन्तलासी लिन तपाईंलाई सोध्नुभन्दा पहिले तिनीहरूले तपाईं जान सक्नुहुन्छ भनी भन्नुपर्छ।

- **मलाई पक्राउ गरियो भने?**

  पक्राउ गर्नु रोक्नुभन्दा फरक हो। रोक्नुमा तपाईंलाई रोकिएको ठाउँमा केही प्रश्नहरू सोधिने काम हुन्छ। यदि अधिकारीले तपाईंलाई थप समय रोक्न चाहान्छ, वा तपाईंलाई कतै लान चाहान्छ जस्तै प्रहरी चौकी, अधिकारीले तपाईंलाई रोकेको मात्र हुँदैन, तर तपाईंलाई पक्राउ गरेको हुन्छ। पक्राउले तपाईंको जानपाउने अधिकारलाई रोक्नुभन्दा लामो समयसम्म समेत खोस्दछ, त्यसैले पक्राउ गर्न सकिने अवस्थालाई कानूनले सीमित गरेको छ।

**मलाई कहिले पक्राउ गरिन सक्छ?**

जब अधिकारीले तपाईंलाई तपाईंले कुनै पनि राज्य, सहर वा राष्ट्रिय कानून उल्लङ्घन गरेको कुरा व्यक्तिगत रूपमै देख्छ त्यसबेला पक्राउ गरिन सक्छ। अपराधको गम्भीरताको आधारमा प्रहरीको पक्राउ शक्ति फरक हुन्छ। महत्त्वपूर्ण कुरा के हो भने प्रहरीले अपराध गरेको देख्नु।

१. यदि अपराध *सानोतिनो दुराचार* मात्र हो जसको सम्भावित दण्ड भनेको जरिमाना मात्र हो (जेलमा बस्तुपर्ने होइन) *भने*, अधिकारीले तपाईंलाई पक्राउ *नगर्न सक्छ* र तपाईंको नाम प्रदान गर्न सक्नुभएन, उद्धरणमा हस्ताक्षर गर्न इन्कार, वा अघिल्लो पटक अदालतमा उपस्थित हुन सक्नुभएन वा त्यस्तै अपराधमा जरिमाना तिर्न सक्नुभएन भने मात्र तपाईंलाई हिरासतमा राख्नेछ।

२. प्रहरीले तपाईंलाई अपराध गरेको व्यक्तिगत रूपमा नदेखे तापनि, यदि तपाईंले अपराध गरेकोमा विश्वास गर्ने *सम्भावित कारण* अधिकारीसँग भए तपाईंलाई *गम्भीर अपराध* (जसको सम्भावित दण्ड जेल चलान हो) को निम्ति पक्राउ गरिन सक्छ। पछि, अदालत प्रणालीले (प्रहरीले होइन) अधिकारीको विश्वास न्यायसंगत थियो कि थिएन, तपाईं दोषी वा निर्दोष के हुनुहुन्छ त्यसको निर्धाण गर्नेछ।

३. यदि तपाईंको निम्ति पक्राउ पुर्जी जारी गरिएको छ भने, तपाईंलाई पक्राउ पुर्जीको बारेमा थाहा भए पनि वा नभए पनि तपाईंलाई पक्राउ गरिन सक्छ। प्रहरीले हालको पक्राउ पुर्जिलाई रद्द गर्न

सक्दैन। तिनीहरूले यसको सेवा गर्नै पर्छ र पक्राउ पुर्जिमा नामांकित गरिएको व्यक्तिलाई पक्राउ गर्नै पर्छ।

पक्राउ पुर्जि भनेको कानूनी कागजात हो, तपाईंलाई पक्राउ गरी हिरासतमा राख्नू भन्ने आदेश प्रहरी वा शेरिफलाई दिन अदालतको न्यायाधीश वा कर्मचारीले यसलाई जारी गरेको हुन्छ। यो कागजात कुनै निश्चित शैलीमा हुनुपर्छ भन्ने छैन। तपाईंलाई पक्राउ गरिँदा पक्राउ अधिकारको हातमा पक्राउ पुर्जी हुनुपर्छ भन्ने अनिवार्य छैन। तपाईंलाई पक्राउ गरेको उचित समयभित्र तपाईंलाई अधिकारीले पक्राउ पुर्जी देखाउनै पर्छ र तपाईंलाई त्यसको एक प्रति प्रदान गर्नुपर्छ। यदि अधिकारीले सो गर्न असफल भएमा, तपाईंको वकीललाई पछि यो कुरा बताउनुहोस्।

तपाईंलाई पक्राउ गर्न अधिकारीसँग कुनै आधार छैन भन्ने विश्वास तपाईंलाई भए तापनि, प्रहरीसँग विवाद गर्ने वा उनीहरूलाई इन्कार गर्ने काम नगर्नुहोस्। पक्राउको समयमा तपाईंलाई किन पक्राउ गरियो वा तपाईंको दोष वा निर्दोषको बारेमा विवाद गर्ने अधिकार तपाईँलाई हुँदैन। विवाद गरेर वा इन्कार गरेर तपाईंलाई फाइदा पुग्नेछैन। यसलेगर्दा प्रहरीले तपाईं विरुद्ध थप आपराधिक आरोप ल्याउन सक्छ, तपाईंलाई कारवाही गरिएको खण्डमा जमानत तिरेर जेलबाट निस्कन तपाईंको निम्ति यसले झन कठिन बनाउन सक्छ।

- फेरि, प्रहरीसँग विवाद नगर्नुहोस्।
- तपाईंको पक्राउलाई कहिल्यै इन्कार नगर्नुहोस्। नभाग्नुहोस्।
- अर्को व्यक्तिको पक्राउलाई कहिल्यै इन्कार नगर्नुहोस्।

**मलाई पक्राउ गरियो भने मेरो अधिकारहरू के-के हुन्?**

१. अधिकारीले तपाईंको नाम र ठेगाना बाहेक अन्य प्रश्न सोध्न चाहान्छ भने तपाईंले प्रश्नको उत्तर नदिन सक्नुहुन्छ भनी भन्नुपर्नेछ।

२. तपाईंलाई किन पक्राउ गरिएको हो र तपाईं विरुद्द लगाइएको आरोपको प्रकार (अपराध, जसको निम्ति तपाईंलाई पक्राउ गरिएको हुन्छ) को बारेमा जान्न पाउने अधिकार तपाईंसँग हुन्छ। यदि तपाईंलाई पक्राउ पुर्जीद्वारा पक्राउ गरिएको हो भने, उचित समयभित्र तपाईंले पक्राउ पुर्जी हेर्न पाउने, पढ्ने र तपाईंको नाम यसमा रहेको कुरालाई सुनिश्चित गर्ने, र तपाईं विरुद्धको आरोप हेर्ने अधिकार तपाईंसँग हुन्छ।

३. तपाईंको पक्राउपछि गरिने प्रश्नहरू सोध्नुभन्दा पहिले तपाईंको संवैधानिक अधिकारहरू ("*मिरांडा*" अधिकारहरू) बताइनु पर्ने अधिकार तपाईंको हुन्छ। यी *मिरांडा* अधिकारहरू निम्न पर्छन्:

- मौन बस्न पाउने र कुनै प्रश्नको उत्तर नदिन पाउने अधिकार;

- यदि तपाईंले आफ्नो मौन रहन पाउने अधिकारलाई *छूट दिनुभयो* (त्याग्नुभयो) भने, प्रहरीले तपाईंको उत्तरलाई तपाईं विरुद्ध अदालतमा प्रयोग गर्न सक्छ भनेर जान्न पाउने अधिकार;
- तपाईंले प्रश्नहरूको उत्तर दिन सुरु गर्नु भएको छ भने तपनि जुन सुकै समयमा प्रश्नको उत्तर दिन रोक्नु र वकीलसँग कुरा गर्न पाउने अधिकार; र
- कुनै पनि प्रश्नको उत्तर दिनुभन्दा पहिले वा कुनै पनि कागजातमा सही गर्नुभन्दा पहिले वकीलसँग व्यक्तिगत रूपमा कुराकानी गर्न पाउने अधिकार।
- यदि तपाईंले वकीलको निम्ति रकम तिर्न सक्नुहुन्न र यदि तपाईंलाई पक्राउ गरिएको अपराधको सम्भावित सजाय जेल चलान हुनसक्छ भने, तपाईंलाई प्रश्न गर्नुभन्दा पहिले तपाईंको प्रतिनिधित्व गर्ने तपाईंको आफ्नै वकील नि:शुल्क नियुक्त गर्न पाउनु र तपाईंले पछि बुझाउन सहमति दिन सक्ने कुनै पनि प्रश्न गर्ने क्रममा उक्त वकील पनि तपाईंसँगै रहन पाउने अधिकार पनि तपाईंसँग हुन्छ।

अधिकारीको प्रश्नहरूलाई उत्तर दिन इन्कार गरेको कारण तपाईंलाई सजाय दिन सकिन्न। तपाईं प्रहरी हिरासतमा भएको बेला प्रश्नहरूको उत्तर दिई सहयकार्य गर्ने प्रयास गर्नुभयो भने, वकीललाई तपाईंको निम्ति प्रतिवाद गर्न कठिन बनाउन सक्नुहुन्छ। जहिल्यै वकीलसँग कुरा गर्न अनुरोध गर्नुहोस्।

४. तपाईंसँग निम्न अधिकार पनि छन्:

- जिम्मेवार व्यक्तिलाई तपाईं पक्राउ परेको कुरा र तपाईंलाई लगाइएको आरोपहरूको बारेमा बताउनको निम्ति टेलिफोन वा कुनै माध्यमद्वारा सम्पर्क गर्ने अधिकार। यदि कसैलाई सम्पर्क गर्न धेरै पटक टेलिफोन गर्न पर्ने भएमा तपाईंलाई एक पटकको टेलिफोनमा मात्र सीमित गरिँदैन।
- तपाईंको वकीललाई नभेटेसम्म कुनै पनि शारीरिक वा रासायनिक परिक्षणलाई इन्कार गर्नुहोस् (जस्तै, पोलिग्रफ "झूट पत्ता लगाउने", ब्रीथलाइजर, इन्टोक्सिलाइजर, फिल्ड सोबरिटि परिक्षण वा शारीरिक परिक्षणहरू जस्तै, सीधा लाइनमा हिँड्नु वा अन्य चाल गर्नु, पेनमा हेर्ने परिक्षण, वा मानसिक परिक्षणहरू जस्तै अक्षर भन्ने वा हिसाब गर्ने)।
- तपाईंलाई अपराधको सम्भावित प्रतक्षदर्शीले हेर्ने कुनै पनि लाइन-अप वा अन्य पहिचान प्रक्रियामा तपाईंको वकीललाई उपस्थित गराउनुहोस्।
- तपाईंलाई ठूलो अपराधको निम्ति आरोप लगाइएको छैन भने, जेलबाट तपाईंको रिहाइलाई सुरक्षित गर्नको निम्ति जमानत वा बोण्ड भुक्तान गर्नुहोस्। सामान्यता तपाईंको रिहाइको निम्ति जमानत वा शर्तहरू न्यायाधीशले तोक्दछ। यदि तपाईंलाई सानातिना दुराचारको निम्ति आरोप लगाइएको छ, र कुनै न्यायाधीश उपलब्ध छैन भने, न्यायधीशद्वारा स्थापित गरिएको नियम अनुसार जमानत रकमलाई प्रहरी चौकीमा प्रहरीले नै स्वीकार गर्न सक्छ।

- तपाईंलाई पक्राउ गरिएपछि जहिले उचित हुन्छ जतिसक्दो चाँडो अदालतमा हाजिर हुने प्रयास गर्नुहोस्, ताकि तपाईंले तपाईंको पक्राउको आधार जाँच गर्न र/वा तपाईं दोषी वा निर्दोष हुनुहुन्छ सो निर्धारण गर्नको निम्ति कार्वाही अघि बढाउनको निम्ति प्रारंभिक सुनुवाइ अनुरोध गर्न सक्नुहुन्छ।

**यदि मलाई पक्राउ गरियो भने, प्रहरीले मलाई के गर्छ?**

प्रहरीले हातहतियार खोजी गर्छ, तपाईंलाई हथकडी लाउछ, तपाईंलाई जेलमा, परिचयको निम्ति फोटो र औंठा छाप लिन्छ।

यदि तपाईंलाई पक्राउ गरिदैन भने, वा प्रहरीसँग खन्तलासी पुर्जी छैन भने (खन्तलासी लिन अनुमति दिने अदालती आदेश), प्रहरीले तपाईंलाई तपाईंको कार, घर र/वा अन्य सम्पत्तिमा खन्तलासी लिन सोध्नेछ। *यी खन्तलासीको निम्ति तपाईंले अनुमति दिन इन्कार गर्न सक्नुहुन्छ।*

अनुचित खन्तलासी र जफतीबाट स्वतन्त्र हुने अधिकार तपाईंसँग हुन्छ। तपाईंले अनुमति नदिए सम्म *वा यी अधिकारलाई तपाईंले नत्यागेसम्म*, तपाईंलाई अनुमति माग्ने धेरै जसो खन्तलासीको निम्ति अधिकारीले अदालतबाट पुर्जी प्राप्त गर्नु पर्छ।

खन्तलासी लिनुभन्दा पहिले खन्तलासी उचित हो कि होइन भन्ने कुराको निर्णय गर्न न्यायाधीशले मात्र सक्छ। खन्तलासी लिन दिने कि नदिने सो कुराको निर्णय न्यायाधीशद्वारा गर्न पाउनु पर्ने अधिकार प्रयोग गर्दा तपाईंलाई कुनै सजाय हुँदैन। खन्तलासी लिन अनुमति नदिएको कुरालाई तपाईं विरुद्द प्रयोग गर्न सकिन्न।

अधिकारीलाई कसरी प्रतिउत्तर दिने सो कुराप्रति तपाईं अनिश्चित हुनुहुन्छ भने, कुनै कुरा भन्न वा गर्नभन्दा पहिले वकीलसँग परामर्श लिने र छलफल गर्ने तपाईंको अधिकारको बारेमा उल्लेख गर्नुहोस्।

जब एजेन्सीले १८ वर्षभन्दा माथि उमेर भएको व्यक्तिलाई गम्भीर अपराधको आरोपमा पक्राउ गर्ने कानून लागू गर्ने एजेन्सीले डि.एन.ए. (DNA) नमूना संकलन गर्नै पर्छ र त्यसलाई अपराध पहिचान तथा छानबिन ब्यूरो (Bureau of Criminal Identification and Investigation) मा पठाउनै पर्ने कुरालाई ओहिओ कानूनले जुलइ १, २०११ बाट अनिवार्य गरेको छ।

**पक्राउ र हिरासतको समयमा गर्न हुने र गर्न नहुने कुराहरू**

प्रहरीसँग विवाद नगर्नुहोस्। छानबिन, पक्राउ वा कार्वाहीबाट तपाईंले विवाद गरेर उम्कन सक्नुहुन्न। तपाईंले दिने कुनैपनि स्पष्टीकरणले उनीहरूसँग पहिले नै भएको जानकारीमा थप जानकारी प्रदान गर्न सक्छ, त्यसैले तपाईंको स्पष्टीकरण र प्रतिरक्षालाई अदालतको निम्ति साँच्नुहोस्।

यदि तपाईंलाई पक्राउ गरिएको छ भने, तपाईंले अपराध गर्नुभएको छ भन्ने विश्वास प्रहरीको हुन्छ। तिनीहरूको काम भनेको छानबिन गरी प्रमाण संकलन गर्नु हो। तपाईंले केही गर्नुभएको छैन भन्ने तपाईंलाई लाग्छ भने पनि, वकील उपस्थित नभएको अवस्थामा प्रहरीलाई तपाईंको तर्फबाट कुराहरू बताउँनु भनेको त्यति राम्रो विचार होइन। पहिले तपाईंले प्रहरीलाई भेट्दा के हुन्छ र त्यसपछि के हुन्छ त्यसलाई सँधै अत्यन्तै ध्यान दिनुहोस्। त्यहाँ के भएको थियो त्यसलाई हेर्न र सुन्नको निम्ति त्यहाँ को थियो त्यसलाई सम्झिने प्रयास गर्नुहोस्। कहिलेकहीं तपाईं हिरासतमा हुँदा के भयो त्यसलाई हेर्नु पर्ने आवश्यकता अदालतलाई हुन्छ। यदि तपाईंले यी घटनाहरूका बारेमा तपाईंको परामर्शलाई पूर्ण रूपमा बताउन सक्नुहुन्छ भने यसले तपाईंलाई सहयोग गर्नेछ।

तपाईंको परिवार र साथीहरूलाई यो सबैको बारेमा नबताउनुहोस् वा वकीलबाहेकका व्यक्तिलाई कानूनी सल्लाहको निम्ति अनुरोध नगर्नुहोस्। तपाईंले के भन्नुभएको थियो सो कुरालाई दोहोऱ्याउन लगाउनको निम्ति तिनीहरूलाई अदालतमा बोलाइने सम्भावना हुन्छ।

तपाईंको मुद्दाको बारेमा अर्को सहवासीलाई वा सुधार अधिकारीलाई नबताउनुहोस्। तपाईंको दोष “जेलघर स्वीकार” बाट प्रमाणित हुनसक्छ।

तपाईंले के गर्नु भएको थियो वा के गर्नुभएको थिएन, जे भए तापनि, तपाईंलाई परामर्श दिन र तपाईंको निम्ति प्रतिवाद गरिदिनको निम्ति तपाईंको वकीलमा भर पर्नुहोस्। वकील-उपभोक्ताको सम्बन्ध अवधिमा तपाईंले वकीललाई दिने कुनैपनि जानकारी तपाईंको अनुमतिविना खुलासा गर्न वकीललाई कानूनी मर्यादाले दिँदैन। तैपनि, तपाईंको अपराध गर्ने आशय र अपराधलाई हुन नदिन आवश्यक जानकारीलाई तपाईंको वकीलले खुलासा गर्न सक्छ। यसको साथै, वकीललाई साँचो नलागेको साक्षी प्रमाण तपाईंलाई प्रदान गर्न वकीलको मर्यादाले दिँदैन।

**अदालतमा मेरो अधिकारहरू के-के हुन्?**

तपाईंको पक्राउ भएको ७२ घण्टाभित्र, न्यायाधीशले निम्न कुरा गर्नै पर्छ:

१. तपाईंलाई अभियो लगाइएको अपराधको बारेमा तपाईंलाई बताउनु पर्छ र तपाईंले बुझ्नुभएन भने यसलाई व्याख्या गरिदिनु पर्छ।

२. यदि तपाईंसँग नभएमा, तपाईंलाई तपाईं विरुद्धको लिखित आरोपको प्रति प्रदान गर्नु।

३. एक पटकभन्दा बढी तपाईंलाई वकील भेट गर्न दिनु, वा यदि तपाईंलाई दोषी ठहरीएमा तपाईंलाई जेल चलानी गर्न सक्ने सम्भावना छ र तपाईँलाई सहायता गर्नको निम्ति वकील नियुक्त गर्ने आर्थिक हैसियत तपाईंसँग छैन भने तपाईंको निम्ति वकील नियुक्त गरिदिनु।

४. तपाईं प्रवेश गर्न सक्ने बहसको प्रकार र त्यसको प्रभावको बारेमा तपाईंलाई बताउनु। *दोषी छैन, प्रतिवाद छैन* वा *दोषी* मध्येको बहसमा प्रवेश गर्न सक्नुहुन्छ।

- *दोषी छैनको* अर्थ तपाईंले तपाईंको परीक्षाको अधिकार लगायत कुनै पनि अधिकारलाई त्याग्नुहुन्न भन्ने हुन्छ। तपाईं शङ्काम हुनुहुन्छ, दोषी छैन भन्ने बिन्ती हुन्छ।

- *प्रतिवाद छैनको* अर्थ तपाईंलाई लगाइएको उजुरी सही हो भन्ने कुरालाई स्वीकार गर्नुहुन्छ, तर तपाईं अपराधी हो भन्नेमा अस्वीकार गर्नुहुन्छ। अदालतले तपाईंलाई दोषी वा निर्दोषी भन्ने ठहर गर्नेछ। (प्रतिवाद बहसलाई पछि रकम नोक्सानीको सार्वजानिक मुद्दाको निम्ति तपाईं विरुद्द प्रयोग गर्न सकिँदैन। तपाईंको घटनाको आधारमा तपाईंलाई प्रयोग गर्ने जो कोहीले पनि तपाईं दोषी हुनुहुन्थ्यो र कानूनको उल्लङ्घन गर्नुभएको थियो भन्ने कुरालाई प्रमाणित गर्नुपर्छ।)

  अधिकारीले तपाईंलाई गलत कानून वा अध्यादेशको अन्तर्गत देखेको थियो, वा यदि पक्राउ गर्ने अधिकारीको लिखित तथ्य अभियोगलाई प्रमाणित गर्न अपऱ्याप्त भयो भने धेरै जसो प्रतिवाद छैन बहस दोषी पत्ता लगाउने क्रममा प्रयोग गरिन्छ

- *दोषीको* अर्थ तपाईंलाई अभियोग लगाइएको अपराध(हरू) तपाईंले गर्नुभएको स्वीकार गर्नुभएको छ र कानूनी सोधपुछमा जाने तपाईंको अधिकारलाई तपाईंले माफ (त्यग) गर्नुभएको छ भन्ने हो, जहाँ मुद्दा चलाउनेले न्यायसंगत शङ्काभन्दा माथि उठेर तपाईंलाई दोषी प्रमाणित गर्नुपर्छ। तपाईंले आफ्नो मौन रहने अधिकारलाई पनि त्याग्नुहुन्छ। न्यायाधीशले तपाईंलाई तुरुन्तै सजाय सुनाउन सक्छ अथवा पछिको सुनुवाइमा सुनाउन सक्छ। दोषी बहसलाई पछि नागरिक मुद्दामा तपाईं दोषी हुनुहुन्थ्यो भन्ने कुरा प्रमाणित गर्न सकिन्छ। यदि तपाईंले पछि अर्को अपराध गर्नुभयो भने, त्यसबेला कठोर सजायको निम्ति दोषी बहसले आधार प्रदान गर्छ।

अदालतमा के भएको थियो सो कुराको अदालत रिपोर्टर वा टेप रेकर्डरबाट तयार गरिएको रेकर्ड प्राप्त गर्ने अधिकार तपाईंको हुन्छ। यदि पछि प्रश्न उठेमा तपाईं अदालतमा हुँदा के भएको थियो त्यसको सबूत तपाईंसँग हुन्छ।

*१२/१५/२०१४*

*© डिसेम्बर २०१४ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH 43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो। अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धरैजसो आइपर्ने कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस . यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाईं सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.